**घुम्टे युवा परिवार जापानको आठौ साधारण सभा तथा चौथो अधिवेशनको अवसरमा प्रस्तुत तेस्रो कार्यसमितीको प्रगति प्रतिवेदन**
**वर्ष: २०२४-२०२६**

घुम्टे युवा परिवार जापानको पाचौ साधारण सभा तथा चौथो अधिवेशनको यस पावन अवसरमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष ज्यू, समितिका संरक्षक ज्यूहरू,सल्लाहकार ज्यूहरू, पदाधिकारी ज्यूहरू, संस्थापक सदस्य ज्यू, खेलप्रेमी खेलाडी साथीहरू, संस्थाका सहयोग दाता ज्यूहरु एवम उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक नमस्कार तथा अभिवादन टक्राउन चाहान्छु । बाग्लुङ जिल्ला गल्कोट नगरपालिका ०७ मल्मबाट जापानमा विभिन्न पेशा, व्यवसाय, रोजगारी तथा अध्ययनको शिलशिलामा हामी मल्मबासीले २०१८ मा सामाजिक सत्भाव, आपसी एकता, खेलकुदको विकास र प्रवर्धन साथै सहकार्यको विकाश गर्दै आम मल्मबासीबिचमा  अपनत्व सहितको समाज निर्माण गर्दै जापानभित्र रहेका सम्पुर्ण मल्मबासीहरूमा एकताको भावना विकास गराई जापानको ज्ञान, सिप र पुजीको माध्यमबाट जन्मभुमीको हरेक क्षेत्रकों विकासका लागि टेवा पुराउनुको साथै मल्मभित्र भई परि आउने आपतविपत र दैविप्रकोप मा तत्काल केहि संवोधन गर्न सकियोस भनेर हामीले घुम्टे युवा परिवार मल्मबाट आधिकारिक रुपमा अनुमति लिएर स्थापना गरेको संस्था हो। जापानमा रहेको थुप्रै संस्थाहरूको भिडमा छुट्टै पहिचान बनाउन सफल संस्थाको सचिवको हैसियतले यसरि उपस्थिती हुन पाउदा गर्न लागेको छ। संस्थाले म माथि भरोसा गरेर सचिवको जिम्मा प्रदान गर्नु भएकोमा आदरणीय अग्रज तथा समकालीन पदाधिकारी ज्युहरू प्रति कृतज्ञ छु। आफ्नो विवेक र क्षमताले भ्याएसम्म संस्थाको हितका लागि आफुलाई समर्पित गर्दै आएको छु। सम्पुर्ण कार्यसमितिबाट पाएको साथ र समन्वयबाट यस अवधिभर गरिएका महत्वपूर्ण कार्यहरू चौथो अधिवेशनको अवसरमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

अध्यक्ष महोदय,

आफ्नो विवेक र क्षमताले भ्याएसम्म संस्थाको हितका लागि आफुलाई समर्पित गर्दै आएको छु। सम्पुर्ण कार्यसमितिबाट पाएको साथ र समन्वयबाट हाम्रो यस तेस्रो कार्यसमिती  मार्फत संस्थाले गरेका महत्वपूर्ण कार्यहरू तेस्रो अधिवेशनको अवसरमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१. भव्य रूपमा तेस्रो र चौथो सिल्भर रनिङ कप सम्पन्न।

सामाजिक सेवाका क्षेत्रमा विभिन्न गतिविधि गर्दै आफ़्नो छुट्टै पहिचान स्थापित गरेको सामाजिक संस्थाले नेपालको राष्ट्रिय खेल भलिबलको प्रवासमा रहेरपनि प्रवर्द्धन, संरक्षण, संवर्द्धन गर्दै जापानमा रहेका खेलाडीहरूलाई क्रियाशील बनाईराख्ने उद्देश्यका साथै संस्थाको स्थापना खेलमार्फत युवाहरुमा अनुशासन क़ायम राख्ने, खेलकुदको संरक्षण र प्रवर्द्धन गरि युवा शक्तिलाई सामाजिक कार्यमा जोडिन अभिप्रेरित गर्ने लक्ष्य रहेकोले त्यसैको पृष्ठभूमिमा रहि प्रवासमा रहेका खेलाडीहरूको हौसला वृद्धि गर्ने मुख्य उद्देश्य लिएर जापानमा हुने गरेका भलिबल प्रतियोगिता भन्दा निकै नै पृथक र व्यवस्थित तबरबाट भव्य रूपमा प्रथम र दोस्रो सिल्भर रनिङ कप खुल्ला पुरुष भलिबल प्रतियोगिता सम्पन गरेको छ।

२. जापानमा रहेका संघ संस्थासग सम्बन्ध बिस्तार तथा समन्वय ।

हाम्रो संस्थाले स्थापना पछि आफ्ना गतिविधिहरू संचालन गर्दै गर्दा हामी जापानमा रहेका संस्थासग संस्थागत तवरबाट सहकार्य गरेका छौ । जसले भोलिका दिनमा पनि सामाजिक गतिविधिहरू गर्न सहज हुनेमा संस्थाले विश्वास लिएको छ । सामाजिक कार्य गर्दै गर्दा एक संस्था अर्को  संस्थासग  संस्थागत सहकार्य गर्न अपरिहार्य रहेको बुझाई पनि रहेको छ ।

३. नेपालको राष्ट्रीय खेल भलिबललाई प्रर्वद्धन र विकासका लागि सहभागिता ।

जापानमा विभिन्न संघ संस्थाहरुले आयोजना गरेका भलिवल प्रतियोगितामा हाम्रो संस्थाले पनि सहभागिता जनाउदै आएको छ । जापानमा पछिल्लो समय भलिवल प्रतियोगिता मा निकै कडा प्रतिस्पर्धा हुने गरेको पाईएको छ त्यस बिचमा हामीले कैयौ पटक विजेताको स्थान हासिल गर्न सफल भएका छौ त्यसै गरि गलकोट कपमा पनि हाम्रो टिम प्रथम हुन सफल भएका थियौ । यस सहभागिताले हाम्रो संस्था खेलकुद क्षेत्रमा पनि अगाडि बढदै एक छुट्टै पहिचान स्थापित गरेको महशुष गरिएको छ ।

४. केन्द्रीय कार्यालय सगको समन्वयमा होली पुर्णिमा मेलामा सह- आयोजकको भुमिका ।

स्थापना कालदेखि नै रंगहरूको पर्व फागु पुर्णिमाको दिनमा हुदै आएको होलि विशेष कार्यक्रममा हाम्रो संस्थाले सह आयोजकको भुमिका मा रहेर काम गरेको थियो । सो अवसरमा जापानबाट आर्थिक र प्रचारप्रसार मा विशेष सहयोग गरिएको थियो । यस कार्यले दुबै संस्था परिपुरक रहेको संस्थाको बुझाई रहेको छ ।

५. संस्थागत समवेदना को संस्कार

जापानबासी मल्मली बिचमा जापानमा हुने गरेका अपृय घटनामा पारिवारिक समवेदनाका लागि संस्थागत रुपमा भौतिक उपस्थिति भएर अवस्थाको जानकारी लिनुको साथै संस्थाको समवेदना पत्र दिने साथै यस संस्थामा आवद्ध हुनु भएका कुनै पनि पदाधिकारी वा शुभचिन्तक को परिवारमा हुने दु:खद घटनामा पनि नेपाल घरमै र जापानमा हुनु भएकाहरूको जापानको निवास मै समवेदना पत्र पुराउदै आएका छौ। यस्ता कार्यले सबै सबैले अपनत्व महशुष गर्दै संस्थाप्रति आकर्षण बढेर गएको संस्थाको बुझाई रहेको छ ।

६. मानविय सेवा

कर्मभूमि जापान तथा अन्य क्षेत्रमा विभिन्न रोग, दैवि प्रकोप तथा दुर्घटनाबाट ज्यान गुमाएका मल्मबासीहरूको परिवारमा आर्थिक सहयोग र दिर्घरोगबाट पिडित परिवारको सहयोगार्थ विभिन्न आर्थिक सहयोग अभियानमा सहयोग एवंम अभियानको नेतृत्व गर्दै रकम संकलन गरि हस्तान्तरण गरिएको छ । यसरि गरिएको सहयोगले पिडित परिवारमा केहि हदसम्म राहत भएको संस्थाको बुझाई रहेको छ । सामाजिक काममा सकृय र क्रियाशील सदस्यले नै समाजको नेतृत्व गर्नुपर्छ । जुन नेतृत्वले समाजका हरेक व्यक्तिका सामाजिक योगदानको कदर गर्दै समाजमा जोड्ने र समग्र मल्मको आर्थिक अवस्था मजबुत बनाउनुका साथै परनिर्भरतामुखी समाजसेवाको सैलिलाई परिवर्तन गर्दै दिगो सामाजिक सेवा र आत्मनिर्भर समाज निर्माणका लागि गर्नुपर्ने थुप्रै साना तर महत्वपूर्ण कामहरूमा गहिरो चिन्तन मनन अध्ययन र सोही अनुसारको कार्ययोजनाहरू अघि सार्नुपर्ने आजको आवश्यकता रहेको संस्थाको बुझाई छ ।

७ नि:शुल्क डिजिटल सेवा तथा डिजाइन कार्यसम्पादन

संस्थाद्वारा प्रकाशित बधाई, शुभकामना, समवेदना, सूचना, प्रचार-प्रसार सामग्री तथा विभिन्न कार्यक्रमसम्बन्धी सम्पूर्ण डिजाइन र अन्य आवश्यक डिजिटल कार्यसम्पादन नि:शुल्क रूपमा गरिएको छ। यसबाट संस्थाको आर्थिक भार न्यूनीकरण हुनुका साथै सूचना प्रवाहलाई प्रभावकारी, आकर्षक र समयानुकूल बनाउन महत्वपूर्ण योगदान पुगेको छ।

८. शैक्षिक संस्थामा आर्थिक सहयोग

शिक्षा क्षेत्रको विकास तथा विद्यार्थीहरूको पठनपाठन र अतिरिक्त क्रियाकलापलाई थप प्रभावकारी बनाउने उद्धेश्यले संस्थाले गनपा ०७ मल्म भित्र रहेका सामुदायिक विद्यालयमा ५० हजारका दरले अक्षयकोष निर्माण गर्नका लागि आवस्यक रकम विनियोजन गरि प्रकृया अगाडी बढाईएको छ। जसमा जम्मा अक्षयकोष रकम २ लाख ५० हजार हुनेछ |हाम्रो यस सहयोगमार्फत विद्यालयहरूको शैक्षिक वातावरण सुधार, विद्यार्थीहरूको प्रतिभा विकास तथा समग्र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने विश्वास समाजले लिएको छ।

९. संगठनात्मक गतिविधिहरू

कार्यकालभरि कार्यसमितिका नियमित बैठकहरू आवश्यकता अनुसार भौतिक तथा अनलाइन माध्यमबाट सञ्चालन गरिएका छन्। यस्ता बैठकहरूले संस्थाका गतिविधिहरूको समीक्षा, भावी योजना निर्माण, निर्णय कार्यान्वयन तथा समसामयिक विषयमा आवश्यक छलफल र समन्वय गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। नियमित संवाद र सहभागितामूलक अभ्यासका माध्यमबाट संस्थाका गतिविधिहरूलाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन सफल भएको अनुभूति गरिएको छ। त्यसैगरी, संस्थाको आन्तरिक संरचनालाई थप सदृढ, व्यवस्थित र उत्तरदायी बनाउन पदाधिकारी तथा सदस्यहरूबीच जिम्मेवारी बाँडफाँड गरी कार्यसम्पादन गरिएको छ। सामूहिक नेतृत्व, आपसी सहकार्य र उत्तरदायित्वको भावनालाई आत्मसात गर्दै प्रत्येक जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गरिएकाले संस्थाले सञ्चालन गरेका कार्यक्रम तथा गतिविधिहरू सफलतापूर्वक सम्पन्न भएका छन्। यस प्रक्रियाले संस्थाभित्र नेतृत्व विकास, कार्यक्षमता अभिवृद्धि तथा संगठनात्मक एकतालाई थप मजबुत बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । जापानमा हुने संघ संस्थाका विभिन्न कार्यक्रममा बधाई तथा शुभकामना प्रदान गरिएको छ । साथै संस्थागत रूपमा आएका निमंत्रणामा संस्थागत सहभागिता जनाईएको छ ।

अन्त्यमा यहाँहरूले मलाई सुम्पिनुभएको जिम्मेवारी ईमानदारीका साथ पुरा गरेको महशुष भएको छ । जापान प्रवेश गर्दाको समय देखिनै जापानमा हुने हरेक अभियानहरूमा भौतिक, नतिक, आर्थिक र सामाजिक उत्तरदायित्व बहन गर्दै आईरहेको छु । आगामी दिनहरूमा पनि निरन्तर समाजका मानवीय सत्कर्ममा लागिरहने र संस्थाले दिने हरेक जिम्मेवारीलाई सत्य र निष्ठापूर्वक पुरा गर्न तत्पर रहने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । यहाहरूको माया र सुझबुझ पुर्ण सुझाव सल्लाह यसरि नै पाई राखौ । मेरो व्यक्तिगत र सिंगों घुम्टे युवा परिवार जापान शाखा को तर्फबाट अधिवेशन पुर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

जय मल्म, जय घुम्टे युवा परिवार जापान

प्रकाश केसी

सचिव

घुम्टे युवा परिवार जापान